# पहिलो अध्याय

## १.शोधको परिचय

### १.१.शोधको शीर्षक

मानिसका विभिन्न प्रवृत्तिहरूमा हाँस्नु पनि एउटा मुख्य हो। हाँस्नु मानिसको स्वाभाविक व्यवहार हुन्। आचार्य भरतको मतअनुसार हास्य एउटा मुख्य रस हो र यसको उद्रेक हास नामको स्थायीभावको उद्दीपनद्वारा हुन्छ। हास्यबाट आनन्द अनुभूति हुने हुँदा यसलाई रसका रूपमा हेरिएको छ। शारीरिक, मानिसको शारीरिक भावभङ्गी र भाषाको विकृति वा विसङ्गतिबाट हास्य उत्पन्न हुँदछ। हास्य हाँसोसँग मात्र सम्बन्धित नभई हँसाउदै गरिने छेडपेच, घोचपेच-जस्ता व्यङ्ग्यसित पनि सम्बन्धित रहेको हुन्छ। व्यङ्ग्यबिनाको हास्यले पनि मानिसलाई आनन्द र मनोरञ्जन प्रदान गर्ने साधन बनी साहित्यमा आफ्नै स्थान बनाएको पाइन्छ। विश्व साहित्यमा नै हास्यलाई एउटा तत्त्वको रूपमा लिएको पाइन्छ। नेपाली साहित्यकारहरूले पनि स्वभाविक रूपमा आफ्ना रचनाहरूमा हास्य तत्त्वको प्रत्यक्ष प्रयोग गरेका देखिन्छन्। अन्य विधामा झै कथा विधामा पनि हास्य तत्त्वको प्रयोग भएको पाइन्छ। कथाभित्रका हास्यतत्त्वले पाठकलाई हँसाई हँसाई मनोरञ्जन प्रदान गर्दछ भने हास्यसँगै मुछिएको व्यङ्ग्यले व्यक्ति, समाज, राष्ट्र आदि क्षेत्रमा रहेको विकृतिलाई पाठकसमक्ष ल्याई सुधारको सन्देश पनि दिइएको हुन्छ। नेपाली कथा साहित्यमा हास्यतत्त्वलाई आत्मसात गरी कथा लेख्ने कथाकारहरू थुप्रै देखिन्छन्। हास्यसित सम्बन्धित नेपाली कथाहरूको अध्ययन गर्ने कार्य ग्रहण गरेर प्रस्तुत शोधकार्यको शीर्षक **भारतेली नेपाली कथामा हास्यतत्त्वको प्रयोग** राखिएको छ।

## १.२.समस्याकथन

प्रस्तुत शोधप्रबन्धमा **भारतेली नेपाली कथामा हास्य तत्त्वको प्रयोग** शीर्षक नै मूल समस्या हो। यस शीर्षक अन्तर्गत निक्यौंल गरिने समस्याहरू बुँदागत रूपमा निम्न प्रकारले चिन्हित गरिएको छ-

अ) नेपाली साहित्यमा हास्य र व्यङ्ग्यको भिन्नता कस्तो पाइन्छ?हास्यप्रधान कथालेखनको क्षेत्रमा भारतेली नेपाली कथाको विकास कुन स्थितिमा छ?

आ) हास्य तत्त्वको सैद्धान्तिक आधारहरू के-के हुन्?

इ) हास्यतत्त्वको प्रयोगले भारतेली नेपाली कथाको भाव र भाषिक शैलीको सौन्दर्यमा कतिसम्म विकसित छ?

ई) भारतेली नेपाली कथाकारले आफ्ना कथाहरूमा हास्यको उद्रेक कुन प्रकारले गरेका छन्?

उ) भारतेली नेपाली कथामा हास्यतत्त्व प्रयोग गरी लेख्ने कथाकारहरू मुख्य रूपमा को-को हुन्?

यस शोधकार्यमा माथि उल्लेख गरिएका समस्याहरूमा केन्द्रित भई समाधान प्राप्त गर्ने प्रयास गरिएको छ। उल्लेखनीय समस्याहरूलाई ध्यानमा राख्दै यस शोधप्रबन्धमा भारतेली नेपाली पन्ध्रजना कथाकारहरूका जम्मा तीसवटा कथा सङ्ग्रहको अध्ययन गरिएको छ।

## १.३.शोधप्रबन्धको उद्देश्य र प्रयोजन

प्रस्तुत शोधप्रबन्ध लेखनको उद्देश्य र प्रयोजन निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छ-

भारतेली नेपाली कथालाई हास्य तत्त्वको प्रयोगका सन्दर्भमा व्यापक र गहन रूपमा हेर्नु शोधप्रबन्धको पहिलो उद्देश्य हो। यस अन्तर्गत् प्रस्तुत शोधप्रबन्ध लेखनको उद्देश्य र प्रयोजन निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छ-

अ) नेपाली साहित्यमा हास्य र व्यङ्ग्यको आफ्नो मत प्रकट गर्नु हो।

आ) हास्यप्रधान कथालेखनको क्षेत्रमा भारतेली नेपाली कथाको प्रयोग-परम्पराको आकलन गर्नु हो।

इ) भारतेली नेपाली कथाम सैद्धान्तिक आधारका रूपमा हास्यतत्त्वको प्रयोग पक्ष हेर्नु हो।

ई) भाव, भाषिक शैलीको सौन्दर्य र प्रयोगका दृष्टिले भारतेली नेपाली कथामा हास्यतत्त्वको वैशिष्ट्य हेर्नु हो।

उ) भारतेली नेपाली कथामा हास्यतत्त्वको अभिव्यक्तिबारे अध्ययन गर्नु हो।

ऊ) भारतेली नेपाली कथामा हास्यतत्त्व प्रयोग गरी लेख्ने कथाकारहरूको खोजी गर्नु हो।

यिनै बुँदाहरूका आधारमा प्रस्तुत शोधकार्यको अध्ययन केन्द्रित रहेको छ अनि यसै क्रममा अध्ययनको निष्कर्ष पनि हेरिएको छ। यो शोधकार्य प्राज्ञिक प्रयोजन पूर्तिका लागि पनि गरिएको हुँदा शोधकार्य सम्पन्न गरी उत्तर बङ्ग विश्वविद्यालयबाट पिएच डी डिग्री प्राप्त गर्नु पनि यसको उद्देश्यमा अन्तर्भुक्त छ।

## १.४.पूर्वकार्यको विवरण एवम् समीक्षा

भारतेली नेपाली कथाहरूलाई विविध पक्षमा हेरिएको पाइए तापनि ती कथाहरूमा प्रयुक्त हास्यतत्त्व प्रयोगबारे सूक्ष्म, व्यापक र गहन रूपमा अध्ययन गरिएको कुनै शोधकार्य अझसम्म भएको पाइन्न। नेपाली साहित्यका अन्य विधामा हास्य-व्यङ्ग्य विषयलाई लिएर अध्ययन गरिएको पाइए पनि कथा विधामा भने विशेष कुनै शोधकार्य भएको पाइँदैन। यस विषयलाई लिएर औपचारिक ढङ्गमा कतैबाट कुनै गम्भीर भएको देखिँदैन। केही भारतेली नेपाली कथाहरूमा हास्यतत्त्वलाई लिएर आंशिक र सामान्य अध्ययनका कार्यहरू निम्नलिखित प्रकारले भएका भेटिन्छन्। ती कार्यहरूको समीक्षात्मक अध्ययन निम्न प्रकारले भएको भेटिन्छ:

### क. शोधपरक ग्रन्थ लेख, समालोचना पुस्तकहरूमा हास्यतत्त्वको अवलोकन

- **सप्तकोशी** (इ सं १९५५)[1] रसिकका रचनात्मक पुस्तकभित्र रामकृष्ण शर्माले हास्यात्मक लेखनबारे आफ्ना शब्दहरू राखिदिएका छन् जसद्वारा साहित्यिक रचनामा हास्य व्यङ्ग्य तत्त्व के रहेछ? भन्ने कुरा बुझ्न पाठकलाई धेरै सहयोग पनि हुँदछ। पुस्तकभित्र उनले **परिचयाक**

[1] अच्छा राई 'रसिक', इ सं १९५५, **सप्तकोसी**, रामकृष्ण शर्मा, **परिचायक,** सप्तकोसी प्रकाशन, पृ क-ठ

शीर्षक दिएर एउटा विवरणात्मक लेख नै लेखेका छन्। त्यहाँ हास्य तत्त्वको परिचय सँगै अच्छा राई रसिकका रचनाहरूमा रहेका ती तत्त्वबारे अध्ययन गरिएको पाइन्छ।

- **टिपेका टिप्पणीहरू** ( समीक्षात्मक लेखहरूको संग्रह) (इ सं १९६६)[2] मा इन्द्रबहादुर राईले **रूपनारायण सिंहको लेखनकला** नामक लेखमा सिंहका कथालेखनमा हास्य गम्भीर रूपमा रहेको बताउँदै लेखाइको बलले कथामा हास उठ्छ भनेर चर्चा गरेका छन्। यसै पुस्तकको अर्को लेख **नेपालीमा हास्य र व्यङ्ग्य** रहेको छ। उक्त लेखभित्र नेपाली साहित्य विधामा हास्य र व्यङ्ग्यको प्रयुक्ति र यसलाई आत्मसात् गरी लेख्ने लेखकहरूको अध्ययन गरिएको छ। भारतबाट नेपाली साहित्यमा प्रयोग हुने तत्त्व हास्यबारे केही मात्रामा आफ्नो बौद्धिक कलम चलाउनेहरूमा इन्द्रबहादुर राईको नाम विशेष लिन सकिन्छ। उनले आफ्ना कथाहरूमा पात्रको व्यवहारमा हास्यको विविध अवस्थालाई देखाएका छन् भने आफ्ना लेखहरूमा पनि हास्यको चिन्तन गर्दै नेपाली साहित्यमा यसको महत्व र प्रयोग हुनु धैरै आवश्यक छ भन्ने विचार व्यक्त गरेका छन्। उक्त लेखभित्र राईले रसिकहरूले 'सुन्दरी' पत्रिका मार्फत हास्यलाई प्रयोग गरेको र यहीँबाट साहित्यमा हास्यको प्रयोग शुरू हुन थालेको कुरा लेखेका छन्। इ सं १९३४ मा 'शारदा' पत्रिकामार्फत हास्यकारद्वव सिल्वाल पण्डित र प्रेमराज शर्माको जन्म भएको बताएका छन्। यसरी नै इ सं १९३५ मा 'गोर्खा संसार'को प्रकाशनबाट वेदनिधि शर्माको 'जातीय रोगको अचूक औषधी' लिएर हास्य लेखनमा उदाएको जानकारी दिंदछ। यसरी नै इ सं १९४२ मा दार्जिलिङबाट प्रकाशित 'खोजी' पत्रिकाले हास्यमा  हीराकुमार सिंह र व्यङ्ग्यमा अर्घेलो कार्की ( के बी सिंह) जन्माएको जानकारी गराएको छ। अर्घेलो कार्की, भताभुङ्गे थापा (पद्मप्रसाद सुब्बा)लाई विदूषकका रूपमा उभ्याइएको पाइन्छ। शुरू-शुरूमा पत्र पत्रिकाहरूले नै हास्य लेखनलाई प्रमुखता दिएको देख्न पाइन्छ। गणेशमान सिंह, नारायणप्रसाद भट्टराई, तिलविक्रम नेम्वाङले हास्य लेख्ने गरेका कुरा थाहा पाइन्छ। यसरी नै हास्य व्यङ्ग्य लेखनमा

[2] इन्द्रबहादुर राई, इ सं १९६६, **टिपेका टिप्पणीहरू** (समीक्षात्मक लेखहरूको सङ्ग्रह), दार्जिलिङ, नेपाली साहित्य परिषद, पृ ६४- १२१

'हाम्रो कथा'ले अच्छा राई रसिक, 'भारती'ले ऋषि, 'गोर्खा'ले प्रेम थापा, 'दियालो'ले त्रिलोक राई अनि 'खोजी'ले हीराकुमार सिंह जन्माएको कुरा उक्त पत्रिकाहरूबाट थाहा पाइन्छ। नेपालबाट कृष्णप्रसाद चापागाइँ, भैरव अर्याल अनि केशवराज पिंडालीलाई विशेष हास्यलेखकका रूपमा चर्चित रहेको देख्न पाइन्छ। गम्भीर हास्य दिनसक्ने लक्षण र क्षमता ऋषिमा छ भन्दै उनको हास्यलेखनबारे परिचय गराएको छ। विकृत पात्रहरूलाई लिएर मात्र हँसाउने भनेर प्रेम थापाको हास्यलेखनलाई दोष पनि दिएका छन्। यसैगरी हीराकुमार सिंह, त्रिलोक राईका हास्य लेखनलाई पनि उल्लेख गरेका छन्। उनीद्वयका हास्य शिल्प लेखहरू पुन पढ्दा उत्तिकै हास्य दिने कुरा लेख्छन्। यस लेखभित्र सम, देवकोटा, लेखनाथ आदिले पनि हास्य तत्त्वलाई प्रयेग गरी आफ्ना रचनाहरू लेखिएको उल्लेख गरिएको छ। यस लेखको अन्तमा हास्य लेखनको कमी रहेको जानकारी दिएको छ। उक्त लेखमा छोटकरीमा भए तापनि हास्य व्यङ्ग्य लेखनको विकासबारे स्तुत्य जानकारी प्रस्तुत गरिएको छ।

- **सम्मेलन कथासङ्ग्रह** (इ सं १९७७ )[3]नामक कथाहरूको सङ्गालोमा अच्छा राई रसिक तथा प्रेम थापालाई हास्य-व्यङ्ग्य कथाको क्षेत्रमा ख्याती आर्जन गर्ने कथाकार हुन भनेर यसको सम्पादकहरूले चर्चा गरेको पाइन्छ। रसिकका कथाहरूमा हास्य- व्यङ्ग्य पूर्ण रहेको हुनाले उनको रसिक नामलाई सार्थक पनि मानेको थाहा पाइन्छ। प्रेम थापाको कथाको शीर्षकले नै हास्य उत्पन्न गराउँछ भनेर कथाकारमा हास्य- व्यङ्ग्यको सिप रहेको उल्लेख उक्त सङ्ग्रहमा पाइन्छ।

- **दार्जिलिङका कथा र कथाकार**[4] (इ सं १९७८) मा सम्पादक राजनारायण प्रधानले दार्जिलिङका कतिपय कथाकारहरूलाई हास्य कथाकारका रूपमा चिन्हित गरेका छन् जसमा अच्छा राई रसिक, ऋषि, तथा कामुसिंह मुखिया आदि पर्दछन्। अच्छा राई रसिकलाई एक

---

[3] लक्खीदेवी सुन्दास (सम्पा), इ सं १९७७, **सम्मेलन कथासङ्ग्रह**, दार्जिलिङ, नेपाली साहित्य सम्मेलन, दार्जिलिङ, पृ ११-१३

[4] राजनारायण प्रधान, इ सं १९७८, **दार्जिलिङका कथा र कथाकार**, दार्जिलिङ, श्याम ब्रदर्स, पृ ६- ६८

सफल हास्यकथाकार मानिलिएको पाइन्छ। पहिलो दर्जाका हास्य कथाकारको रूपमा अर्का ऋषि नामक कथाकारलाई चिनाउँदै उनले हास्य सम्बन्धी सुन्दर कहानीहरू लेखेको कुरा जानकारी गराइएको भेटिन्छ। दार्जिलिङकै अर्का कथाकार कामुसिंह मुखियाको कथाहरूमा पनि हास्यको पुट छ भनेर ती कथाकारलाई एक सफल हास्यकारको रूपमा परिचय गराइएको पाइन्छ।

- **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** ( वि सं. २०३४)[5] मा दार्जिलिङका हरिश बमजनलाई एक असल हास्य व्यङ्ग्य कथाकारका रूपमा चिन्हित गरिएको भेटिन्छ।
- **रचना** (वि सं २०३५)[6] **समालोचनाङ्क** नामक पत्रिकामा हास्यव्यङ्ग्यपरिचर्चा शीर्षक अन्तर्गत लेखमा कृष्णचन्द्रसिंह प्रधान, मोहनराज शर्मा तथा वासुदेव त्रिपाठी आदि लेखकहरूले हास्य र व्यङ्ग्यलाई विस्तृत रूपमा व्याख्या एवम् चर्चा गरेका छन्। यसमा हास्य- व्यङ्ग्यलाई विधाको रूपमा होइन भाषा अभिव्यक्तिको शैली अन्तर्गत हेर्नुपर्छ भन्ने कृष्णचन्द्रसिंह प्रधानको भनाइ पाइन्छ। मोहनराज शर्माले पनि हास्य- व्यङ्ग्यलाई छुट्टै साहित्यिक विधा अन्तर्गत् नहेरेर साहित्यकै एउटा तत्त्वको रूपमा हेरेका छन्। लेखक वासुदेव त्रिपाठीले हास्य र व्यङ्ग्यको अलग अलग अर्थ रहेको बताउँदै साहित्यमा यसको प्रयोग स्वतन्त्र देखिन्छ भनेर चर्चा गरेका छन्। यी लेखकहरूका विचारमा हास्य- व्यङ्ग्य कुनै विधा होइन तर साहित्यका सबै विधाहरूमा हास्य समाहित हुनसक्छ भन्ने निर्क्योल भेटिन्छ।
- **रसिक रचनावली** ( इ सं १९८२)[7] मा रामलाल अधिकारीले **सप्तकोशी** (इ सं १९५५) नामक कथा सङ्ग्रहभित्र समेटिएका ‘रसिक’का कथाहरूबारे चर्चा गरेका छन्। उक्त चर्चामा समाजको विकृति र विसङ्गतिलाई कथामा राखे पनि कथाको बिच बिचमा हास्यको सम्पुटलाई

[5] दयाराम श्रेष्ठ ‘सम्भव’ र मोहनराज शर्मा, वि सं २०३४, **नेपाली साहित्यको सङक्षिप्त इतिहास,** ने रा प्र प्र, पृ ३१

[6] रोचक घिमिरे र भाउपन्थी (सम्पा), वि सं २०३५ साल, असार- साउन, वर्ष १५, अङ्क ४, **रचना** (समालोचनाङ्क), दुईमहिने साहित्यिक प्रकाशन, काठमाडौँ, पृ २९

[7] रामलाल अधिकारी (सम्पा), इ सं १९८२, **रसिक रचनावली**, श्याम ब्रदर्स प्रकाशन, पृ १४- १५

प्राथमिकता दिएर लेख्नु नै 'रसिक'को कथाकारिताको विशेषता हो भनेर 'रसिक'लाई हास्य शैली प्रयोग गरी लेख्ने कथाकारका रूपमा उभ्याइएको पाइन्छ।

- **दियालो नेपाली साहित्यिक मासिक पत्रिका** (वर्ष- २२, हाँगो- १००,फागुन-२०४० फरवरी- १९८४)[8] नेपाली साहित्यिक मासिक पत्रिकामा जस योञ्जन प्यासीको लेख **भारतीय नेपाली साहित्यको विकासमा खोजी पत्रिकाको योगदान** संलग्न भेटिन्छ। हीराकुमार सिंहको **नारदजीको भारत भ्रमण** कथा सस्तो किसिमको देखिए तापनि त्यसमा हास्य कथाको परिपाटी रहेको कुरालाई देखाएको पाइन्छ। हीराकार सिंहकै **श्रीमानको भाग्य** कथा मिठो हास्यमा अन्त हुन्छ भनेर वर्णन गरेको भेटिन्छ। यिनकै परिपाटीमा कथाकार प्रेम थापाले हास्य कथाहरू लेखेका हुन् भन्ने विचार पनि लेखक प्यासीले उल्लेख गरेका छन्। शिवकुमार राईको कथाकारिताबारे चर्चा गर्दै मनोवैज्ञानिक तत्त्वलाई हास्यात्मकता र कौतुहलताको मिश्रण गराएर कथा लेख्ने कथाकार भनेर चर्चा गरेका छन्।
- **प्रतिमान (समसामयिक साहित्यिक आलोचना संकलन)**[9] मा नरबहादुर दाहालद्वारा लेखिएको **समकालीन भारतीय नेपाली कथा- साहित्य** लेख रहेको छ। उक्त लेखमा हीराकुमार सिंहले **नारदको भारत भ्रमण** लेखेर हास्य- व्यङ्ग्य तत्त्वको प्रयोग हुन आएको कुरा लेखकले उल्लेख गरेका छन्। यस लेखमा उनले हास्य- व्यङ्ग्यका तीन प्रसिद्ध कथाकारहरू अच्छा राई रसिक, प्रेम थापा र ऋषिलाई मानेका छन्।

[8] रामलाल अधिकारी र अन्य (सम्पा), वर्ष-२२, हाँगो- १००, फागुन- २०४०, फरवरी- १९८४, **दियालो-** नेपाली साहित्यिक मासिक पत्रिका, जस योञ्जन प्यासी, **भारतीय नेपाली साहित्यको विकासमा खोजी पत्रिकाको योगदान**, दार्जिलिङ, नेपाली साहित्य सम्मेलन, पृ २०९-२२०

[9] नरबहादुर दाहाल, **समकालीन भारतीय नेपाली कथा- साहित्य** (लेख), राजेन्द्र भण्डारी (सम्पा), **प्रतिमान** ( समसामायिक साहित्यिक आलोचना संकलन), इ सं १९८५, युनिवर्सल प्रकाशनज गान्तोक, जीवन थिंग पथ, पृ ३६- ४२

- **सिक्किमेली कथा अवलोकन** (इ सं १९८७)[10] मा सम्पा. मोहनप्रकाश राईले एल्डी राई मिक्खोल्को रूचि नै हास्य- व्यङ्ग्य विषय अध्ययन गर्नु र लेख्नु रहेको बताउँदै उनलाई विशेष हास्य- व्यङ्ग्यात्मक कथातिर अघि बढेको कथाकार भनी चर्चा गरेको पाइन्छ।
- **नेपाली कथा यात्रा** (सं. १९८८)[11] रामलाल अधिकारीद्वारा सम्पादित आधुनिक भारतीय नेपाली कथाहरूको सङ्क्लन हो। दार्जिलिङको नेपाली कथासाहित्यबारे जान्न चाहने व्यक्तिले रूपनारायण सिंहको कथा नवरत्न र शिवकुमार राईको फ्रण्टियर कथासङ्ग्रह नपढी हुँदैन भनेर उनले यी दुई कथाकारलाई प्रमुख कथाकारका रूपमा चिन्हित गराएका छन्। हास्यव्यङ्ग्य कथालेखकहरूका रूपमा हीराकुमार सिंह, ऋषि, विक्रम रूपासा, प्रेम थापा, सुरेश राई, रामलाल अधिकारीलाई चिन्हित गरेका छन्। हीराकुमार सिंहको नारदको भारत भ्रमण कथा देवी देवतालाई पात्र बनाई लेखिएको प्रथम नेपाली हास्यव्यङ्ग्यात्मक कथा भनेर मानिलिएका छन् भने प्रेम थापा र ऋषिका कथाहरूले पाठकलाई मनग्गे हँसाएको र पाठकले मनोविनोद गर्दै आइरहेको कुरा प्रस्तुत गरेका छन्।
- **माध्यम** (८ जून १९८८)[12] (सामयिक सङ्कलन) मा जसयोञ्जन प्यासीले सानुभाइ शर्मालाई सफल हास्य- व्यङ्ग्यकारका रूपमा चिन्हित गरेको पाइन्छ। समाज तथा मान्छेको विकृतिलाई हास्यको पुट भरेर व्यङ्ग्य कस्नुमा शर्मा सफल बनेको र दर्जनौ हास्य- व्यङ्ग्य लेखिसकेको कुरा उनले उल्लेख गरेको छन्। उक्त सङ्कलनभित्र ग्याल्पो लामाको **हास्य र व्यङ्ग्यको एक सैद्धान्तिक अनुशीलन** नामक लेख रहेको छ। यस लेखमा नेपालीमा हास्य- व्यङ्ग्य साहित्यको इतिहास नलेखिएको साथै सही विवेचना हुन नसकेको यथार्थलाई उल्लेख गरेको पाइन्छ। उनले हास्य- व्यङ्ग्यलाई अन्य विधा भन्दा विशिष्ट विधाको रूपमा हेरेको पाइन्छ।

---

[10] मोहनप्रकाश राई (सम्पा), इ सं १९८७, **सिक्किमेली कथा अवलोकन,** गान्तोक प्रकाशन, पृ छ

[11] रामलाल अधिकारी(सम्पा), इ सं १९८८, **नेपाली कथा यात्रा**, साहित्य अकादमी, पृ२९- ३५

[12] जसयोञ्जन प्यासी(सम्पा), ८ जून १९८८, **माध्यम** (सामयिक सङ्कलन), प्रकाशक: तिलक शर्मा, खर्साङ, गोर्खा जन पुस्तकालय, पृ ३१

- **आकाशदीप अच्छा राई रसिक स्मृति अंक** (इ सं १९८९)[13] मा रसिकका अप्रकाशित रचनाहरूको सङ्कलन गरिएको छ। आकाशदीपका सम्पादक महानन्द पौड्यालले रसिकको हास्य व्यङ्ग्य लेखनबारे चर्चा गरेका छन्। नेपाली हास्य तथा हास्य व्यंग्यको क्षेत्रमा एउटा सशक्त क्रान्ति ल्याउने कलमकारको रूपमा रसिकलाई उभ्याएका छन्। उनी पाठकका लागि रसिक लेखक बन्न पुगेको कुरालाई प्रस्तुत गरेका छन् साथै भारतीय नेपाली साहित्यको उपलब्धिमा रसिकको योगदानलाई महान् मानेका छन्।
- **स्रष्टा (**इ सं १९९१, वर्ष १२, अङ्क ३०)[14] भारतीय नेपाली कथा विशेषाङ्क नामक कथाहरूको सङ्क्लन पुस्तकमा केही कथाकारहरूलाई हास्य व्यङ्ग्य कथाकारका रूपमा परिचय गराएका छन् जसमा हीराकुमार सिंह, इन्द्र सुन्दास, गनुसिंह गुरुङ, अच्छा राई रसिक, प्रेम थापा, ऋषि, जी. छिरिङ, परशुराम रोका, वीरविक्रम गुरुङ, मनबहादुर गुरुङ, सानुभाइ शर्मा, एल्डी राई मिक्खोलेका नाम उल्लेख गरेका छन्। उनले दार्जिलिङका मनबहादुर गुरुङ अनि सिक्किमका सानुभाइ शर्मा र एल्डी राई मिक्खोलेलाई हास्यव्यङ्ग्य क्षेत्रमा विशेष उन्मुख रहेको चर्चा गरेका छन्।
- **पर्यवेक्षण (**लेख सङ्कलन) (इ सं १९९२)[15] जीवन नामदुंगद्वारा लिखित पुस्तकमा **हाम्रो कथा- का चौबीसौँ किरणसम्मका कथाहरू** नामक एउटा लेख रहेको छ। उक्त लेखभित्र **हाम्रो कथा** पत्रिकामा प्रकाशित कथाहरूको गहन अध्ययन गरिएको छ। उक्त पत्रिकामा प्रकाशित हास्य- व्यङ्ग्य कथाहरूको अध्ययन गरी हास्य कथाकारहरूलाई उनले चिनाएका छन्। अच्छा राई रसिकले कथामा हास्य र व्यङ्ग्यको प्रवाह नै बगाएको चर्चा गरेका छन् भने अर्का हर्षबहादुर तामाङलाई रसिकको हास्य- व्यङ्ग्य कथालेखनमा उभिनसक्ने कथाकार हुन

[13] महानन्द पौड्याल(सम्पा), इ सं १९८९, **आकाशदीप अच्छा राई रसिक स्मृति अंक**, गान्तोक, सिक्किम, आकाशदीप प्रेस, पृ २१

[14] केदार गुरुङ (सम्पा), इ सं १९९१, **स्रष्टा,** वर्ष १२, अङ्क ३०, **भारतीय नेपाली कथा विशेषाङ्क**, गेजिंग, पश्चिम सिक्किम साहित्य प्रकाशन, पृ xx iii

[15] जीवन नामदुंग, इ सं १९९२, **हाम्रो कथा- का चौबीसौँ किरणसम्मका कथाहरू**, **पर्यवेक्षण**, दार्जिलिङ, श्याम ब्रदर्स, पृ ३- २६

भनी चिन्हित गरेका छन्। नेपाली हास्य व्यङ्ग्य कथाको चर्चा गर्दा हर्षबहादुर तामाङको कथा **बैतरणी नदी** लाई विर्से अन्याय हुने कुरा पनि लेखकले व्यक्त गरेको पाइन्छ। कथाकार सन्तबीर लिम्बुको **आइतबारे हाट** कथाको चर्चा गर्दै उनलाई हास्य कथाकारका रूपमा उभ्याएका छन्। कथाकार ऋषिको **एकै हात मात्र** नामक कथा र प्रेम थापाको कथा **बोक्सी ज्ञान जिन्दाबाद** लाई अध्ययन गर्दै ती कथाहरूमा हास्य-व्यङ्ग्यात्मकता रहेको कुरा व्यक्त गरेका छन्। अर्का कथाकार किशोर सोताङको **बानी** कथामा हास्यास्पद परिस्थिति रहेको चर्चा गरेका छन् भने के. प्रसाद गुरुङको **प्रतिज्ञा** कथाले पाठकलाई हास्यरसको चरम अवस्थामा पुरयाउँछ भनी हास्य-व्यङ्ग्य कथाहरूको लहरमा यस कथालाई नि: सन्देह राख्न सकिन्छ भनेर पुष्टि दिएका छन्।

- **नेपाली हास्यव्यङ्ग्य निबन्ध** (द्वितीय सं. २०५१)[16] मा राजेन्द्र सुवेदी र हीरामणि शर्माले हास्य र व्यङ्ग्यको विस्तृत रूपमा अध्ययन गर्दै हास्यलाई अलग्गै विशेष तत्त्वका रूपमा हेरेका छन्। उनले हास्यको अभावमा व्यङ्ग्य सिर्जना हुन सक्तैन भनेर साहित्यमा हास्यलाई मुख्य तत्त्वका रूपमा मानेका छन्। उक्त पुस्तकमा निबन्ध विधामा मात्र हास्य- व्यङ्ग्यलाई हेर्ने काम भए तापनि। तथापि अन्य विधाहरू नाटक, उपन्यास, कथामा पनि हास्य- व्यङ्ग्य लेखन अघि बढिरहेको जानकारी गराउने चेष्टा गरेका छन्।

- **प्रज्ञा** (समालोचना अङ्क) (फागुन- जेठ:२०५१)[17] पुस्तकमा वासुदेव त्रिपाठीको **हास्य-व्यङ्ग्य सैद्धान्तिक सन्दर्भतर्फ** नामक समालोचनात्मक लेख समावेश गरिएको छ। उक्त लेखभित्र हास्य- व्यङ्ग्यको साहित्यिक विकासको विस्तृत रूपमा चर्चा गर्दै सैद्धान्तिक पक्षलाई विस्तारपूर्वक गहन अध्ययन गरिएको छ। हास्यव्यङ्ग्यसम्बन्धी आधारभूत सैद्धान्तिक कुराहरूलाई भाषिक कलाको दृष्टिकोण अन्तर्गत हेर्नु लेखकको उद्देश्य रहेको जानकारी पाइन्छ।

---

[16] राजेन्द्र सुवेदी र हीरामणि शर्मा (सम्पा), द्वितीय सं. २०५१, **नेपाली हास्यव्यङ्ग्य निबन्ध**, साझा प्रकाशन, पृ स

[17] वासुदेव त्रिपाठी, फागुन- जेठ: २०५१/ पूर्णाङ्क:८०/ वर्ष: २३, **हास्य-व्यङ्ग्य सैद्धान्तिक सन्दर्भतर्फ**, अविनाश श्रेष्ठ, **प्रज्ञा**, नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान, पृ ८२

प्रस्तुत लेखमा हास्य- व्यङ्ग्यसम्बन्धी सूक्ष्म अध्ययन गरिएको छ। नेपाली साहित्यमा हास्य-व्यङ्ग्य विषयलाई लिएर अध्ययन गर्नेहरूका निमित्त उक्त लेख उपयोगी देखिन्छ।

- **शिवकुमार राईका सात कथा** ( इ सं १९९४)[18] को पूर्वकथनमा लक्खीदेवी सुन्दासले शिवकुमार राईलाई रसिलो वक्ताका रूपमा परिचय गराएका छन्। राईले विविध घटना र पात्रको माध्यमले पाठकलाई हँसाउँदै कथा बुन्छन् भन्ने सत्यतालाई सुन्दासले पाठकका अघि राखिदिएका छन्। राईका **कस्तो मानिस!** ( कस्तो मान्छे), **छाता**, **सन्की वा सन्त**, **प्रेमलालक बिहे** जस्ता कथामा हास्य व्यङ्ग्य शिल्पको विशिष्टता पाइन्छ भन्ने कुरालाई उनले उल्लेख गरेका छन्।
- **उकाली ओह्राली** नामक कथासङ्ग्रह (इ सं १९९५)[19] मा कथाकार थीरूप्रसाद नेपालले हास्यात्मक मनोरञ्जन दिएको चर्चा त्यस पुस्तकको भूमिकामा पढ्न पाइन्छ।
- **झ्यालबाट** (वि. सं. २०५३)[20] ईश्वर बरालको नेपाली कथा साहित्यको अध्ययन अनि कथाहरूको सङ्कलन रहेको महत्वपूर्ण पुस्तक हो। उक्त पुस्तक नेपाली कथा छेत्रमा अध्ययन गर्नेहरूका निमित्त मननयोग्य छ। यसभित्र कथा र कथाकारहरूबारे अध्ययन गरिएको पाइन्छ। भारतीय नेपाली कथाबारे पनि चर्चा गरिएको पाइन्छ। लेखकले कथामा रहने हास्य व्यङ्ग्यलाई शिल्प शैलीका रूपमा तथ्यलाई स्वीकार राखेर हेरेका छन् भने यसप्रकारको शैली कथामा शुरूदेखि नै प्रयोग हुँदै आएको तथ्यलाई स्वीकार गरेका छन्। यस शैलीलाई प्रयोग गरी कथा सिर्जना गर्ने स्रष्टाहरूलाई चिनाउने काम गर्दै कथाकार शिवकुमार राईका कथालेखनमा हास्यबारे चर्चा गरेका छन्। सहज समप्रेषणीयता, रहस्य, कौतुक औ हास्य-व्यङ्ग्य, परिहास औ विनोद, हृदय पगाल्ने करूणरस, परिमितिबोध तथा आत्मकथन राईका कथामा मज्जा लाग्ने तत्त्वहरू रहेको बताउँदै  राईका कथामा हास्यतत्त्वको प्रयोगबारे जानकारी दिएको पाइन्छ। हास्य र

[18] शिवकुमार राई, इ सं १९९४, **पूर्वकथन, शिवकुमार राईका सात कथा**, दार्जिलिङ, नेपाली साहित्य सम्मेलन, पृ झ

[19] थीरुप्रसाद नेपाल, इ सं १९९५, **उकाली ओह्राली,** जोरथाङ, एस.पी. सुब्बा  खामथाक, पृ ज

[20] ईश्वर बराल, छैटौँ सं वि सं २०५३, **झ्यालबाट**, साझा प्रकाशन, पृ ३२७

प्रहसनमा पार्थक्य रहेको बताउँदै हसाएर रूवाउँन सक्ने हास्यलाई श्रेष्ठ हास्य मान्दै बरालले हास्यको चर्चा गरेका छन्।

- **रचना र माध्यम** (वि. सं २०५४)[21] नामक पुस्तकमा अभि सुवेदीको **हास्य- व्यङ्ग्य- पाश्चात्य परम्परा** शीर्षक लेख प्रस्तुत छ। उक्त लेखमा हास्यको चर्चा विस्तार रूपमा गरिएको छ भने हास्यलाई पाश्चात्य परम्परा अन्तर्गत अध्ययन गरिएको पाइन्छ।

- **नेपाली साहित्यकोश** (वि. सं. २०५५)[22] ईश्वर बरालद्वारा सम्पादित पुस्तकमा हास्यलाई रसको प्रकार अन्तर्गत **हास्यरस** उपशीर्षक दिई अध्ययन गरेका छन्। हास्यको उत्पत्ति विकृत वेशभूषा, अनुपयुक्त वचन तथा हास्योत्पादक चेष्टा आदिबाट हुन्छ भनेर हास्यको उत्पत्तिबारे चर्चा गरेको पाइन्छ।

- **रूपनारायण सिंह व्यक्तित्व र कृत्तित्व (सं. २०५५)**[23] मा रूपनारायण आफ्ना कथाहरू धनमतीको सिनेमा स्वप्न, मिस्टर एच.बी. ब्यास्नेट, आमा जस्ता कथाहरूमा हास्य र व्यङ्ग्यको उद्घाटन गर्न प्रशस्त सिपालु थिए भन्ने कुरालाई चर्चामा ल्याएका छन्। उनले रहस्यपूर्ण प्रहसन, अमोध हास्य औ विदग्ध व्यङ्ग्य प्रस्तुत गरी पाठकलाई मनोरञ्जन दिएको चर्चा बरालले गरेका छन्। नैसर्गिक हास्य, अमृत प्रहास औ अमोध व्यङ्ग्यका कल्पक हुन् भनी सिंहलाई हास्य कथाकारका रूपमा परिचय गराएका छन्।

- **शिवकुमार राई स्मृति ग्रन्थ** (इ सं १९९८)[24] भित्र दयाराम श्रेष्ठको **कथाकार शिवकुमार राई र उनको यात्री कथासङ्ग्रह** नामक शीर्षक लेखभित्र कुकुर, साहित्यिक, बाजी आदि कथाहरूमा राईले गम्भीर रूपमा व्यङ्ग्य चेतना व्यक्त गर्दै हास्यचेतनालाई मिठो ढङ्गमा प्रस्तुत

---

[21] अभी सुवेदी, वि सं २०५४, **रचना र माध्यम**, साझा प्रकाशन, पृ १८६- १९४

[22] ईश्वर बराल (सम्पा), वि सं २०५५, **नेपाली साहित्यकोश**, ने रा प्र प्र, पृ ६९३

[23] ईश्वर बराल, वि सं २०५५, **रूपनारायण सिंह व्यक्तित्व र कृत्तित्व,** काठमाडौँ, एकता प्रकाशन, पृ १४- १५- १६

[24] दयाराम श्रेष्ठ, इ सं १९९८, **कथाकार शिवकुमार राई र उनको यात्री कथासङ्ग्रह, शिवकुमार राई स्मृति ग्रन्थ**, शिवकुमार राई स्मृति अकादमी, पृ १४७

गरेको वर्णन पाइन्छ। उनको भनाइअनुसार कथामा हास्यचेतनाको प्रयोग शिवकुमार राईको मौलिक विशेषता हो।

- **नेपाली साहित्य-इतिहासको रूपरेखा**[25] नामक पुस्तकमा शान्तिराज शर्माले साहित्यको अध्ययन गर्ने क्रममा नेपाली कथासाहित्यको पनि अध्ययन गरेका छन्। उक्त पुस्तकमा कथा विधामा हास्य व्यङ्ग्य तत्त्व प्रयोग गर्ने आधुनिक नेपाली कथाकारहरूको उल्लेख गरेको पाइन्छ। परशुराम रोकालाई हास्य व्याङ्ग्यात्मक शैलीमा राम्रा कथा लेख्ने कथाकार भनी विशेष उल्लेख गरेको पाइन्छ। अन्य हास्य कथा लेख्नेहरूका नाम मात्र उल्लेख गरेका छन्, जसमा हरिप्रसाद गोर्खा राई, शिवकुमार राई, अच्छा राई रसिक, हरिभक्त कटुवाल, इन्द्रबहादुर राई, लीलबहादुर क्षत्री, हरिश बमजन, सुरेश राई, सानुभाइ शर्मा, समीरण छेत्री प्रियदर्शी, प्रेम थापा, ऋषि ( मसीप्रकाश सुब्बा), डा त्रिलोक राई, रूद्र पौड्याल छन्।
- **छरिएका समिक्षा** (वि. सं. २०५६)[26] नामक पुस्तकमा ईश्वर बरालले केशवलाल कर्माचार्यको कथालेखनमा हास्य तिक्षण रहेको बताउँदै उनलाई हास्य कथाकारको रूपमा परिचय गराएका छन्। यसै पुस्तकमा उनले हास्यरसका कथाहरू अत्यन्त सुन्दर छन् भनेर चर्चा गरेका छन्।
- **नेपाली साहित्य परिचय (इ सं १९९९)**[27] मा पूर्ण राईले हास्य कथाभित्र विभिन्न भावहरूको पनि चित्रण भएको हुनुपर्छ भनेर आफ्नो विचार राखेको पाइन्छ। हाँसोयुक्त कथामा रोदन, करूणा, समाज र मानवको मार्मिक चित्रण हुनुपर्ने बताएका छन्। हाँसो र रोदन यी दुई पर्यायका रूपमा मानिन्छन् भने प्राय: कथामा यी दुई भावहरू समानान्तर रूपमा पाइन्छ भन्ने पूर्ण राईको विचार देखिन्छ।

---

[25] शान्तिराज शर्मा, इ सं १९९७, **नेपाली साहित्य-इतिहासको रूपरेखा,** दुर्गागढी, सिलगढी, नेपाली साहित्य प्रचार समिति, पृ ६७- ८७

[26] ईश्वर बराल, वि सं २०५६**, छरिएका समिक्षा,** शरद्चन्द्र शर्मा भट्टराई सङ्कलन (सम्पा) साझा प्रकाशन, पृ २२९

[27] पूर्ण राई, इ सं १९९९, **नेपाली साहित्य परिचय**, पृ ६०

- प्रदीप खनालको **सानुभाइ शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको (अप्रकाशित) शोधपत्र (इ सं १९९९)[28] मा हास्य व्यङ्ग्य कथाकारका रूपमा शर्मालाई चिनाउँदै उनका कथाहरूको अध्ययन गरिएको छ। प्रस्तुत शोध पत्रमा केही अंशमा भएपनि शर्माका कथाहरूलाई हास्य व्यङ्ग्य अन्तर्गत राखेर अध्ययन गरिएको छ। शोधकर्ताले शर्मालाई भारतीय हास्य व्यङ्ग्य लेखनका एकजना सिद्धहस्त कथाकारका रूपमा उल्लेख गरेका छन्।
- राधा शर्माको **रूपनारायण सिंहका कथा र उपन्यासको समाजशास्त्रीय अध्ययन** शीर्षक (अप्रकाशित) शोधग्रन्थ (इ सं १९९९)[29] मा कथाभित्र प्रयुक्त हास्यलाई छुटपुटरूपमा अध्ययन गरिएको पाइन्छ।
- **स्मारिका नेपाली साहित्योत्सव** (२०००)[30] नामक पत्रिकामा हास्य व्यङ्ग्य कथाकारहरूको सन्दर्भमा सानुभाइ शर्मा, रूद्र पौड्याल तथा एल.डी राई मिक्खोलेको नाम विशेष रूपमा उल्लेख गरिएको छ।
- **साहित्यिक अनुशीलन** (वि सं. २०५७)[31] मा भानुभक्त पोखरेलले हास्य- व्यङ्ग्यलाई एक अर्काका पुरक मान्दै चर्चा गरेका छन्। उत्कृष्ट हास्यमा व्यङ्ग्य आवश्यक रहन्छ भने उत्कृष्ट व्यङ्ग्यमा पनि हास्यको पुट रहनु आवश्यक ठान्दै हास्य- व्यङ्ग्य बिचको सम्बन्धलाई स्पष्ट रूपमा दर्शाएका छन्।
- विन्दु राईको **साहित्यमा हास्य- व्यङ्ग्यको महत्त्व र नेपाली साहित्यमा यसको प्रयोग** शीर्षक लघु शोधप्रबन्ध (इ सं २००१)[32] मा **हास्य- व्यङ्ग्य कथा र कथाकार** उपशीर्षक दिँदै

---

[28] प्रदीप खनाल, इ सं १९९९, **सानुभाइ शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, त्रिभुवन विश्वविद्यालय, पृ ३७-३८

[29] राधा शर्मा, इ सं १९९९, **रूपनारायण सिंहका कथा र उपन्यासहरूको समाजशास्त्रीय उध्ययन,** शोधप्रबन्ध, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय, पृ ४७

[30] स्मारिका, इ सं २०००, **नेपाली साहित्योत्सव**, दक्षिण सिक्किम, नाम्ची, पृ १४१

[31] भानुभक्त पोखरेल, वि सं २०५७, दोस्रो सं, **साहित्यिक अनुशीलन**, साझा प्रकाशन, पृ १६४

[32] बिन्दु राई, इ सं २००१, **साहित्यमा हास्य- व्यङ्ग्यको महत्व र नेपाली साहित्यमा यसको प्रयोग**, लघु शोधप्रबन्ध, नेपाली विभाग, उत्तर बङ्गविश्वविद्यालय, पृ४८-५४

कथामा हास्य- व्यङ्ग्यको प्रयोग गर्ने कथाकारहरूमा शिवकुमार राई, अच्छा राई रसिक, प्रेम थापा, हिराकुमार सिंह, सानुभाइ शर्मा जस्ता भारतीय नेपाली कथाकारहरूका नाम उल्लेख गर्दै सामान्य चर्चा गरिएको पाइन्छ।

- **सिक्किमका प्रमुख नेपाली कथाहरूको विश्लेषण र मूल्याङ्कन** (इ सं २००१)[33] राजेन्द्र भण्डारीले आफ्नो शोधप्रबन्धमा सिक्किमबाट हास्य कथालेखनमा कलम चलाउने प्रमुख प्रमुख कथाकारहरूमा सानुभाइ शर्मा, रूद्र पौड्याल, घनश्याम नेपाल, सन्तबीर लिम्बु, टीकाभूषण दाहाल, खिदमद् सुब्बा, चुनिलाल घिमिरे, एल्डी राई मिक्खोले, विजय सुब्बा, रामचन्द्र शर्मा, थीरूप्रसाद नेपाल आदिलाई उम्दा कथाकारका रूपमा मानेको पाइन्छ। व्यङ्ग्यमा भन्दा धेरै शब्द विलासजन्य हास्यात्मकतातर्फ बढी उद्यमी रहेर कलम चलाउने कथाकारका रूपमा सानुभाइ शर्मालाई परिचय गराएका छन्। रूद्र पौड्यालको **कथाकल्प** कथा सङ्ग्रह मा हास्य र व्यङ्ग्यको मिश्रण रहेको चर्चा गरेका छन् भने घनश्याम नेपालको **मसला महाराज** नामक कथामा हास्यरसपूर्ण अङ्कन गरिएको छ भनेर उनलाई हास्यकथाकारका रूपमा उभ्याएका छन्। कथामा हास्य- व्यङ्ग्यको सहायताले सिक्किम समाजको यथार्थलाई उदाङ्गो पार्ने अर्का कथाकार सन्तबीर लिम्बुको चर्चा गरेका छन्। टीकाभूषण दाहालको कथामा हास्य र व्यङ्ग्य दुवैको समन्वय रहेको सङ्केत दिँदै अर्का कथाकार खिदमद् सुब्बाद्वारा पनि हास्य- व्यङ्ग्यलाई आत्मसात गरी कथा लेखेको उल्लेख गरेका छन्। हास्यरसपूर्ण भङ्गिमा कथा प्रस्तुत गर्ने हास्य- व्यङ्ग्य शिल्पी कथाकार भनेर एल्डी राई मिक्खोलेलाई चिन्हित गरेका छन्। विजय सुब्बाको कथामा कुतकुती लाग्ने अभिव्यन्जनाहरू पाइन्छ भनेर हास्य कथाकारको रूपमा उनलाई परिचय गराएको पाइन्छ। प्रस्तुत प्रबन्धमा हास्य- व्यङ्ग्य प्रयोगको दृष्टिले ती कथाकारहरूका कथालाई तिनले आंशिक रूपमा अध्ययन गरेका छन्। सिक्किमको कथासाहित्यमा हास्यप्रयोगबारे जानकारी गराउनमा भण्डारी सफल देखिन्छन्।

---

[33] राजेन्द्रप्रसाद भण्डारी, इ सं २००१, **सिक्किमका प्रमुख नेपाली कथाहरूको विश्लेषण र मूल्याङ्कन,** शोध प्रबन्ध, उत्तर बङ्ग विश्वविद्यालय, पृ ३५-१९९

- **मिक्खोले व्यक्तित्व एवम् कृतित्व (इ सं २००२)**[34] मा एल्डी राई मिक्खोलेलाई हास्य व्यङ्ग्य क्षेत्रका कथाकारका रूपमा विशेष चिन्हित गरिएको छ। हास्य शैलीको पुट भरेर व्यङ्ग्यात्मक शब्दहरू ओकाल्न मिक्खोले खप्पीस रहेको चर्चा गर्दै उनको व्यक्तित्वमा नै हास्य व्यङ्ग्यात्मक अभिव्यक्तिको विशेषता रहेको उल्लेख गरिएको छ। उनको अरूपनि साहित्यिक सिर्जनाहरूमा यो विशेषता रहेको चर्चा यसमा पाइन्छ। सिक्किम क्षेत्रमा हास्य व्यङ्ग्यलाई छोएर साहित्य सिर्जना गर्ने साहित्यकारहरूमा उनी एक अध्याय नै हुन् भन्ने पुष्टि प्रस्तुत रचनाहरूले दर्शाएको पाइन्छ।

  यसै पुस्तकभित्र हरिश मोक्तान अल्लारेले उनलाई हास्य व्यङ्ग्य रचनाकारका रूपमा परिचय गराएका छन्। मिक्खोलेका जति पनि प्रकाशित रचनाहरू छन् ती सबैमा हास्यको पुट रहेको साथै उनको कलम  हास्यरसमा नै धेरै अघि बढेको पाइन्छ भनी उल्लेख गरेका छन्।

- इन्द्रबहादुर छेत्रीको **दार्जिलिङका नेपाली कथाहरूको प्रवृत्तिगत विश्लेषण तथा मूल्याङ्कन (इ सं १९३८ देखि १९९० सम्म)** शीर्षक (अप्रकाशित) शोधप्रबन्ध (इ सं २००३)[35] मा रूपनारायण सिंह, शिवकुमार राई, रामलाल अधिकारी, अच्छा राई रसिक, हायमानदास राई किरात, प्रेम थापा, नरबहादुर दाहाल, सुरेश राई, समीरण छेत्री जस्ता आधुनिक नेपाली कथाकारहरूले हास्य व्यङ्ग्यमूलक कथाहरू लेखेर दार्जिलिङको नेपाली कथासाहित्यलाई गतिशीलता प्रदान गरेको सामान्य उल्लेख गरेका छन्। उक्त प्रबन्धमा दार्जिलिङबाट प्रकाशित कथाहरूलाई  **शैलीका आधारमा हास्य- व्यङ्ग्यप्रधान कथाहरू** नामक उपशीर्षक दिएर सङ्क्षिप्त अध्ययन गरिएको पाइन्छ।

---

[34] चम्पा दिवस राई (सम्पा), इ सं २००२, **मिक्खोले व्यक्तित्व एवम् कृतित्व**, दक्षिण सिक्किम, प्रगति प्रकाशन, पृ १३०

[35] इन्द्रबहादुर छेत्री, इ सं २००३, **दार्जिलिङका नेपाली कथाहरूको प्रवृत्तिगत विश्लेषण तथा मूल्याङ्कन,** शोधप्रबन्ध, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय, पृ १२-१७१

- **भारतीय नेपाली साहित्यको इतिहास** (इ सं २००४)[36] मा समीरण प्रियदर्शीलाई हास्य व्यङ्ग्य सिर्जना गर्नमा विशेष रुचि राख्ने कथाकारका रूपमा परिचय गराइएको पाइन्छ।
- **भारतीय नेपाली साहित्यको इतिहास** (इ सं २००४)[37] मा असित राईले प्रेम थापालाई हास्य- व्यङ्ग्यको क्षेत्रमा सर्वोच्च हास्य कथाकारको रूपमा परिचय गराइएको पाइन्छ।
- **रूपनारायण सिंह जन्म- शतबार्षिकी स्मृति ग्रन्थ** (२००५)[38] भित्र **रूपनारायण सिंहको कथासङ्ग्रह कथा नवरत्नको भाषिक शैली- एक अध्ययन** शीर्षक लेखमा बलबहादुर भुजेलले हास्यतत्त्वको प्रयोगले गर्दा रूपनारायण सिंहको कथाको भाषिक शैलीमा बढी रोचकता एवम् स्वादिलोपन बढेर गएको कुराको उल्लेख गरेको भेटिन्छ।
- **भानु** (२०६२ बैशाख)[39] सिक्किम विशेषाङ्कमा सुवास दिपकको **सानुभाइ शर्मा: व्यक्तित्त्व एवम् कृतित्त्व** शीर्षक लेख रहेको छ। उक्त लेखमा सानुभाइ शर्मालाई नेपाली साहित्य जगतमा हास्यव्यङ्ग्य लेखकको रूपमा परिचय गराउँदै शर्माले व्यङ्ग्य प्रहार मात्र नगरेर व्यङ्ग्यको कुतकुती लाएर समाजको विकृति परिष्कारमा अग्रसर रहेको उल्लेख गरेको पाइन्छ।
- **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (दोस्रो सं. २०६३)[40] का लेखक मोहनराज शर्माद्वारा **हास्यप्रधान संरचना: प्रहसन** नामक लेखमा प्रहसनलाई हास्यको रूपमा चर्चा गर्दै सरल ढङ्गमा हास्य र प्रहसनको परिचय दिएका छन्। उक्त लेखमा प्रहसनमा हास्य भाव अनिवार्य रूपमा रहँदै कामदीको मूल भाव हास्य हुन्छ भन्दै प्रहसनलाई नाट्यरचनाको दृष्टिकोणबाट अध्ययन गरेका छन्। उनले हास्यको परिभाषा दिंदै नाटक विधामा प्रहसनको महत्वबारे चर्चा गरेका छन्।

---

[36] असीत राई, इ सं २००४, **भारतीय नेपाली साहित्यको इतिहास**, साझा पुस्तक प्रकाशन, पृ २४१

[37] असित  राई, इ सं २००४, **भारतीय नेपाली साहित्ययको इतिहास**, साझा पुस्तक प्रकाशन, पृ २३१

[38] बलबबहादुर भुजेल, १३ फरवरी २००५, 'रूपनारायण सिंहको कथासङ्ग्रह कथा- नवरत्नको भाषिक शैली', **रूपनारायण सिंह जन्म- शतबार्षिकी स्मृति ग्रन्थ ( १९०४- २००४)**, शिवकुमार राई स्मृति अकादमी, पृ२७०-२७१

[39] सुवास दिपक, २०६२ बैशाख, वर्ष -४२, पूर्णाङ्क-८६, 'सानुभाइ शर्मा: व्यक्तित्त्व र कृतित्त्व', **भानु**, सिक्किम विशेषाङ्क, पृ ३६०-३६५

[40] मोहनराज शर्मा, दोस्रो सं. २०६३, **समकालीन समालोचना: सिद्धान्त र प्रयोग**, अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, पृ ४७५

- **अट्ठाइस कथा (वि सं २०६४)**[41] पुस्तकभित्र सम्पादक वासु रिमाल 'यात्री'ले कथाको सन्दर्भमा हास्य कथाहरूको पनि उल्लेख गरेका छन्। हास्यकलालाई कथाकारको प्रभावशाली जादूको रूपमा मान्दै यही जादूले पाठकलाई प्रभाव पार्दै ल्याएको कुरा रिमालले गरेका छन्। कथामा हास्यको प्रयोगले मनोरञ्न मात्र होइन समाजोपयोगी एवम् जीवनीमूलक विचारलाई पनि प्रस्तुत गर्न सकेको देखिन्छ भनेर कथामा हास्यको उपयोगिताको मूल्यबारे विचार व्यक्त गरेको पाइन्छ। यस पुस्तकमा उनले कृष्णप्रसाद चापागाइँ, रूपनारायण सिंह, केशवराज पिंडाली जस्ता कथाकारहरूबाट हास्य व्यङ्ग्यात्मक कथा लेखन शूरू गरिएको कुरालाई चर्चामा राखेका छन्। उनले उच्चकोटीका हास्य व्यङ्ग्यात्मक कथा दार्जिलिङबाट लेखिएको र यसको श्रेय रूपनारायण सिंहलाई  दिएको छन्। यसमा उनले हास्य व्यङ्ग्य शैलीमा लेखिएका सिंहका कथाहरूका पनि चर्चा गरेका छन्। अच्छा राई रसिक, रूपनारायण सिंह, शिवकुमार राई जस्ता भारतीय कथाकारहरूलाई हास्य कथा लेख्नमा सिपालु रहेको कुरा देखाएका छन्।
- **आधुनिक भारतीय  नेपाली कथा** (वि. सं. २०६४)[42] नामक पुस्तकमा अविनाश श्रेष्ठले भारतीय नेपाली कथाकारहरूलाई हास्य कथाकारका रूपमा चिनाउँदै चर्चा गरेका छन्। इ सं १९४० मा **खोजी** पत्रिकामा प्रकाशित हीराकुमार सिंहको **नारदजीको भारत- भ्रमण** लाई पहिलो हास्य कथा मान्दै यसैबाट अच्छा राई रसिक, ऋषि, प्रेम थापा, दुर्वासा उपाध्याय जस्ता कथाकारहरू हास्य कथालेखनमा प्रभावित रहेको उल्लेख गरेका छन्। हीराकुमारको अर्को कथा **मानको भाग्य** लाई पनि हास्यव्यङ्ग्य प्रधान कथा भनेर मानेका छन्। शब्दसंयोजनको खेलद्वारा पाठकलाई पेट मिची- मिची हँसाउने, हास्य र व्यङ्ग्यको पुट दिएर  सार्थक कथा लेख्ने प्रेम थापालाई नेपाली कथासाहित्यमा बेजोड हास्य कथाकारका रूपमा स्वीकारेका छन्। प्रस्तुत पुस्तकमा लेखकले अच्छा राई रसिकको कथालेखनबारे असित राईको भनाइलाई पनि चर्चामा

---

[41] वासु रिमाल 'यात्री'(सम्पा), वि सं २०६४, **अटठाइस कथा**, ललितपुर, साझा प्रकाशन्, पृ १६

[42] अविनाश श्रेष्ठ, वि सं २०६४, **आधुनिक भारतीय नेपाली कथा**, साझा प्राकाशन, पृ ४८- ३५९

ल्याएका छन्। अच्छा राई रसिक समाजका विषमता, विकृति, विसङ्गति, विशृङ्खलता, अन्याय- अत्यचार, दीन- दैन्य, शोषण आदि कथाका विविध विषयवस्तुमा हास्य र व्यङ्ग्य प्रयोग गरी लेख्ने कथाकार हुन भनेर चर्चा गरेको थाहा पाइन्छ भने रसिकको कथाधर्म नै हास्यले आकृष्ट पार्दै व्यङ्ग्य प्रहार गर्नु हो भनेका छन्। आइ. के, सिंह का कथामा पाइने मुख्य विशेषता हास्य र व्यङ्ग्यप्रतिको सचेतता रहेको चर्चा गर्दै उनलाई पनि हास्य कथाकारका रूपमा परिचय गराएका छन्।

- **अवकाशको क्षण** (इ सं २००८)[43] नामक सानुभाइ शर्माको पुस्तकभित्र सुवास दिपकद्वारा इन्द्रबहादुर राईलाई विनोदशीलताको गहिरो चेत भएको लेखक भनी हास्यलेखनमा उनको सफलताको चर्चा गरेका छन्।
- **अवकाशको क्षण** (लेख सङ्ग्रह) (इ सं २००८)[44] नामक पुस्तक भित्रै 'हास्य व्यङ्ग्य लेखनमा सानुभाइ शर्मा' शीर्षक अन्तर्गत घनश्याम नेपालले हास्य व्यङ्ग्य लेखनको सूक्ष्म अध्ययन सँगै सानुभाइ शर्मालाई त्यस लेखनको क्षेत्रमा शीर्ष स्थानमा राखेर अध्ययन गरेका छन्। शर्माका विभिन्न विधाहरूमा हास्य व्यङ्ग्य धैरै प्रयोग भएको कुराको चर्चा गरिएको छ। यसै पुस्तक भित्र शर्मा स्वयमको लेख 'नेपाली साहित्यमा हास्य व्यङ्ग्य- केही उदाहरण' रहेको छ। यस लेखमा नेपाली विधाहरूमा हास्य-व्यङ्ग्य रहेको प्रसङ्गलाई उदाहरण स्वरूप प्रस्तुत गरेर अध्ययन गरिएको पाइन्छ।
- **असमेली नेपाली कथा-यात्रा** (इ सं २००८)[45] पुस्तकमा सम्पादक शान्ति थापाले जम्मा ५७ पृष्ठभित्र पूर्वाञ्चल भारतका कथाहरू माथि प्रकाश पारेका छन्। सो पुस्तकमा  कथाका विविध तत्त्वहरूको प्रयोग गरिएका कथाहरूको अध्ययन गर्ने क्रममा हास्यको प्रयोग गरेर लेख्ने थोरै

[43] सुवास दिपक, **अवकाशको क्षण सहज मनको सहज अभिव्यक्ति**, सानुभाइ शर्मा इ सं २००८, **अवकाशको क्षण**, श्याम प्रकाशन, पृ
[44] सानुभाइ शर्मा, इ सं २००८, **अवकाशको क्षण** (लेख सङ्ग्रह), दार्जिलिङ, श्याम प्रकाशन, पृ २०-२६

[45] शान्ति थापा (सम्पा), इ सं २००८, **असमेली नेपाली कथा-यात्रा**, असम, नेपाली साहित्य परिषद्, पृ ५६-५७

कथाकारहरूको उल्लेख गरेका छन्। कथाकार गोपालचन्द्र कौशिकलाई हास्य व्यङ्ग्य प्रधान कथाकार हुन् भनेर चर्चा गरेका छन्। उनको इ सं १९९८ मा प्रकाशित कथासङ्ग्रह **आसामे ज्वाइँ** रहेको पाइन्छ। जम्मा चालीस जना कथाकारको कथालाई सङ्कलन गरेका छन् तर यसमा हास्य प्रधान कथा लेख्ने कथाकारलाई समेटेका छैनन्। प्रस्तुत **असमेली नेपाली कथा-यात्रा** विस्तृत अध्ययन रहेको पुस्तक भए तापनि असमेली कथामा हास्य तत्त्व प्रयोग गरी कथा लेख्नेहरूको चर्चा न्यून रहेको पाइन्छ।

- **साहित्य, साहित्यकार र म** (लेख- समीक्षा सङ्ग्रह) (इ सं २००९)[46] मा असित राईले हास्यले आकृष्ट पार्दै कटु व्यङ्ग्य प्रहार गरी समाजको विसङ्गतिलाई कथाको स्वरूप दिएर कथा सृजना गर्नु अच्छा राई रसिकको कथागत् धर्म हो भनेर चर्चा गरेका छन्।
- **नेपाली साहित्यको परिचयात्मक इतिहास** (इ सं २००९)[47] मा प्रियदर्शीका कथाहरू कही करुण रस, कहीँ हास्य व्यङ्ग्य, कहीँ बौद्धिकता र तार्किकतापूर्ण हुन्छन् भन्ने कुरा उल्लेख गरिएको पाइन्छ। यसै पुस्तकभित्र प्रारम्भिक चरणदेखि नै साहित्य लेखनमा हास्य र व्यङ्ग्यको विकास हुँदै आएको अथवा साहित्यमा यी दुवै तत्त्व प्रारम्भिक कालदेखि नै रहँदै आएको विचार प्रकट गरेका छन्। हास्य नाटक, हास्य कथा, हास्य कविताजस्ता उपविधाहरूको आफ्नै इतिहास छ भनेर उल्लेख गरेका छन्। यी मध्ये हास्य नाटकको धेरै लामो इतिहास र परम्परा रहेको र हास्य व्यङ्ग्य शैली अन्य विधाको तुलनामा निबन्ध विधामा विशेष प्रभावशाली रहेको बताएका छन्। तिनले कृष्णप्रसाद चापागाइँ जस्ता कुशल हास्य कथाकारको प्रवृतिलाई समेटेर अच्छा राई 'रसिक' र केशवराज पिंडालीले कथामा हास्य र व्यङ्ग्यको मिश्रण गरेका छन् भनेर भारतेली नेपाली कथाकार अच्छा राई 'रसिक'लाई हास्य कथाकारका रूपमा चिनाएका छन्।

---

[46] असित राई, इ सं २००९, **साहित्य, साहित्यकार र म**, सुमेरू पब्लिकेशन, पृ १७२

[47] घनश्याम नेपाल, इ सं २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, एकता बुक हाउस, पृ २४१

- **नेपाली निबन्धको इतिहास** (इ सं२००९)[48] का लेखक प्रमोद प्रधानले निबन्ध विधामा हास्य- व्यङ्ग्यको प्रयोगबारे विस्तृत चर्चा गरेका छन्। हास्य- व्यङ्ग्य एक छुट्टै विधा नभएर सबै विधामा प्रयोग हुन सक्ने विशिष्ट शैली हो भनेर उनले हास्य- व्यङ्ग्यलाई शैलीका रूपमा चर्चा गरेका छन्।
- **सिर्जनाको समावलोकन** (इ सं २००९)[49] (समालोचना) भित्र राजकुमार छेत्रीले शिवकुमार राई, रूपनारायण सिंह, रामलाल अधिकारीका कथाहरूका विश्लेषण गरेका छन्। **शिवकुमार राईका केही कथाहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकमा हास्य- व्यङ्ग्य कथाकार राईका प्रमुख प्रवृत्ति मानिलिएको पाइन्छ। कथाकार राईको हास्य- व्यङ्ग्यात्मक प्रवृत्तिका कथाहरू भनेर कस्तो मानिस, सय रूपियाँको नोट, म तिनीदेखि बाँच्न चाहान्छु- मेरो छिमेकीसित, एब्सट्राक्ट आर्ट, सनकी वा सन्त, पालाको पैँचो आदि कथाहरूलाई चिन्हित गरेका छन्। प्रस्तुत समालोचना सङ्ग्रहमा **रूपनारायण सिंहका कथामा सामाजिकता** नामक शीर्षक लेखमा प्रहसनात्मक शैलीमा लेखिएको रूपनारायण सिंहका **धनमतीको सिनेमा स्वप्न र मिस्टर एच. बी. ब्यास्नेट** जस्ता कथाहरूलाई  उत्कृष्ट हास्यकथा मानेका छन्। रामलाल अधिकारीको कथाकारितामा हास्य- व्यङ्ग्यको चर्चा **रामलाल अधिकारीका कथाहरूको कथ्य र शिल्प** नामक शीर्षक लेखमा गरेका छन्। कथामा अधिकारीले गरेको तितो र तिखो व्यङ्ग्य प्रहार परिहासमय र कोमल किसिमको मान्दै ती व्यङ्ग्य प्रहारले मनोविनोदका साथ बौद्धिक आनन्द प्रदान गर्दछ भन्ने विचार गरेको पाइन्छ।
- राजकुमार छेत्रीको **शिवकमार राईका कथाहरूमा वस्तुविधान र पात्र- योजनाको विश्लेषणात्मक अध्ययन** शीर्षक (अप्रकाशित) शोधप्रबन्ध (इ सं २०१०)[50] मा शिवकुमार

[48] प्रमोद प्रधान, इ सं २००९, **नेपाली निबन्धको इतिहास**, रत्न पुस्तक भण्डार, पृ ३७०

[49] राजकुमार छेत्री, इ सं २००९, **सिर्जनाको समाववलोकन**, गामा प्रकाशन, पृ ३९-१४२

[50] राजकुमार छेत्री, इ सं २०१०, **शिवकुमार राईका कथाहरूमा वस्तुविधान र पात्र- योजनाको विश्लेषणात्मक अध्ययन**, शोधप्रबन्ध, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय, पृ १४५- १४७

राईका कथाभित्र प्रयुक्त हास्यलाई प्रासाङ्गिक रूपमा उल्लेख गर्दै उनलाई हास्य कथाकारका रूपमा चिनाएका छन्।

- **नेपाली लेखन शैली (इ सं २०११)**[51] मा शैली चयनको सन्दर्भमा हास्य शैलीको महत्वलाई पनि राखिएको छ। हास्यशैलीले लेखनलाई अनौपचारिक र प्रभावशाली बनाउन सक्ने, विषय निरस वा जटील भए पनि त्यहाँ लेखकले हास्य शैलीद्वारा त्यसलाई रसिलो, सरल एवम् प्रभावकारी बनाउन सक्ने कुराको चर्चा गर्दै यसप्रकारको शैलीमा शिवकुमार राईको उत्कृष्ट हास्य कथाद्वय 'छाता' अनि 'दिल्लीको सुर्मावाला' मा हास्य शैलीको प्रयोग पाइने उदाहरण पनि दिएको पाइन्छ।
- **परख** (इ सं २०१२)[52] समालोचनात्मक पुस्तकभित्र जस योञ्जन प्यासीले 'भारतीय नेपाली कथाको विकासक्रम' नामक शीर्षक रहेको लेखमा आधुनिक भारतीय नेपाली कथाहरूको विश्लेषण गर्दै त्यसको विकासक्रमबारे अध्ययन गरिएको छ। लेखकले भारतीय नेपाली कथामा हास्यको शुरूवात आधुनिकताको पहिलो चरणदेखि भएको कुरा यस लेखमा गरेका छन्। कथाकार प्रेम थापा, ऋषि, डा त्रिलोक राई, शिवकुमार राई आदिले हास्य तत्त्वलाई आफ्ना कथाहरूमा ठाउँ दिएको उल्लेख गर्दै आधुनिक भारतीय नेपाली कथाहरूमा कुनै न कुनै रूपमा हास्य तत्त्वको प्रयोग रहेको विचार प्रकट गरेका छन्। यसप्रकार प्यासीले भारतीय नेपाली कथाहरूमा हास्य तत्त्व क्रमश: रूपमा प्रयोग हुँदै आएको छ भन्ने तथ्यलाई अघि राखिदिएका छन्।
- **सिक्किमको नेपाली साहित्यिक इतिहास परम्परा स्वरूप र प्रवृत्ति** (इ सं २०१३)[53] पुस्तकमा दीपक तिवारीले सिक्किमका नेपाली कथाको प्रवृत्ति र शैलीको सङ्क्षिप्त विवरण

---

[51] कुमार प्रधान, (सम्पा), इ सं २०११, **नेपाली लेखन शैली**, मैसुर तथा सिक्किम अकादमी, भारतीय भाषा संस्थान, पृ २८

[52] जस योञ्जन 'प्यासी', सन् २०१२, **परख** (समालोचनात्मक लेखसङ्ग्रह), दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन, पृ २१५

[53] सुवास दीपक, इ सं २०१३, **सिक्किमको नेपाली साहित्यिक इतिहास परम्परा स्वरूप र प्रवृत्ति**, नाम्ची दक्षिण सिक्किम, पृ १६८

दिएका छन्। यसमा उनले हास्य व्यङ्ग्यलाई शैलीको रूपमा राखेर यसलाई अङ्गालेर लेख्ने कथाकारहरूमा सानुभाइ शर्मा, बिजयकुमार सुब्बा, थिरूप्रसाद नेपाल, एल डी राई 'मिक्खोले', आर सि शर्मा जस्ता सिक्किमका केही कथाकारहरूका कथामा हास्य व्यङ्ग्यात्मक शैली रहेको जानकारी दिएका छन्। उनले विभिन्न विधाहरूमा रहेको हास्य र व्यङ्ग्य शैलीलाई दृष्टान्त दिने काम गरेका छन्।

- **'फ्रण्टियरका' कथाकार शिवकुमार राई** (सितम्बर २०१८)[54] का लेखक रिन्जी इडेन वाङ्दीको भनाइ अनुसार राईका कथाले पाठकलाई हसाउँदा हसाउँदै रिस पनि उठाउँछ भन्ने कुरालाई चर्चामा ल्याएका छन्।
- **उत्तर पूर्वाञ्चलीय भारतेली नेपाली स्रष्टा (१७ नोभेम्बर २०२१)**[55] असमेली नेपाली भाषा साहित्यबारे विस्तृत रूपमा अध्ययन गरिएको पुस्तक हो। यस पुस्तकमा असमेली नेपाली कथा साहित्यका स्रष्टाहरूको टिपोट र उनीहरूको कृतिबारे सार्गर्भित अध्ययन गरिएको पाइन्छ। यस खोजमूलक कृतिबाट असममा हास्य व्यङ्ग्य शैलीलाई प्रयोग गरी लेख्ने साहित्यकारहरूको जानकारी पाइन्छ। यस पुस्तकको **असमेली नेपाली हास्य व्यङ्ग्य लेखन** उपशीर्षक भित्र असमका कविता, कथा, निबन्ध, नाटक जस्ता विधाहरूमा हास्य व्यङ्ग्य तत्त्वको प्रयोग गरिएको र त्यसले सुधारवादी साहित्य सिर्जना गरिएको कुरालाई  प्रकाश लेखक मित्रदेव शर्माले पारेका छन्। असमेली साहित्यकार महानन्द सापकोटा, टीकाप्रसाद शर्मा, विष्णुलाल उपाध्याय, लीलबहादुर क्षत्री, पद्य ढकाल, हरिभक्त कटुवाल, लोकनाथ उपाध्याय चापागाञी, चन्द्रकुमार शर्मा, भविलाल लामिछाने, अर्जुन निरौला, पूर्णकुमार शर्मा, आदिले आ आफ्नो लेख तथा कृतिहरूमा हास्य व्यङ्ग्य तत्त्वलाई प्रमुखता दिएको कुरालाई उनले उल्लेख गरेका छन्।

[54] रिन्जी इडेन वाङ्ग्दी, सितम्बर २०१८, **'फ्रण्टियर' का कथाकार शिवकुमार राई**, प्रकाशक:विजय कमल प्रधान, पृ ४०

[55] मित्रदेव शर्मा, इ सं २०२१, **उत्तर पूर्वाञ्चलीय भारतेली नेपाली स्रष्टा,** डा रजुस्मिता शर्मा, पृ ९९-१०६

असमेली कथाकारहरूमा लीलबहादुर क्षत्री, लोकनाथ उपाध्याय चापागाञी आदिका कथामा हास्य तत्त्व रहेको प्रासाङ्गिक चर्चा यस पुस्तकमा भेटिन्छ।

## १.५.शोधको औचित्य

पुस्तक सर्वेक्षण अन्तर्गत् आजसम्मको शोधकार्यहरूमा भारतेली नेपाली कथा विधाभित्र पाइने हास्यतत्त्वलाई अध्ययन गर्ने काम भएको छैन भन्ने निर्णय लिन सकिन्छ। तसर्थ भारतेली नेपाली कथाहरूमा प्रबल रूपमा रहेको हास्यतत्त्वको प्रयोगलाई शोधको समस्याका रूपमा ग्रहण गरी यस विषयमाथि गहन अध्ययन गर्नु नै प्रस्तुत शोधप्रबन्धको औचित्य हो। हास्य सबै विधाहरूमा अभिव्यक्त हुने तत्त्व हो। हास्यबाट आनन्द अनुभूति हुने हुँदा यसलाई रसका रूपमा हेरिएको छ। कथामा समाजमा देखिने विभिन्न विकृति र विसङ्गतिको चित्रणलाई हँसाउने तरिकाले प्रस्तुत गरिएको हुन्छ। कथा मनोरञ्जनको साधन हुनेहुनाले यसमा हास्यतत्त्वलाई प्रविष्ट गराउनु उत्तम मान्न सकिन्छ। अभिव्यक्ति र पात्रको चित्रणलाई हास्य शैलीद्वारा कथामा प्रत्यक्ष राखिएको हुन्छ। यसै सन्दर्भमा भारतेली नेपाली कथामा हास्यतत्त्वको प्रयोगबारे शोधपरक कार्य गर्नु प्रस्तुत शोधप्रबन्धको मूल औचित्य रहेको छ।

## १.६.शोधको सीमा र क्षेत्र

प्रस्तुत शोधप्रबन्धको क्षेत्र 'कथा' विधा अन्तर्गत पर्दछ। समग्र नेपाली कथामा होइन तर **भारतेली नेपाली कथामा हास्यतत्त्वको प्रयोग** बारे अध्ययन गर्नु प्रस्तुत शोधकार्यको निर्दिष्ट सीमा हो। भारतेली नेपाली कथाको क्षेत्र विस्तृत छ। प्राय: नेपाली कथाहरूमा हास्यको प्रयोग भएकै हुन्छ। केही कथाहरूमा प्रशस्त प्रयोग हुन्छ भने केही कथाहरूमा छुटपुट रूपमा भएको हुन्छ। प्रस्तावित शोधको अवधिलाई ध्यानमा राखेर इ सं १९५० को दशकदेखि इ सं २००२सम्मका प्रतिनिधि भारतेली नेपाली कथाकारहरूका कथामा हास्यतत्त्वको प्रयोगबारे अध्ययन गरिएको छ। हास्यतत्त्व प्रबल रूपमा रहेको कथाहरूलाई प्रमुखता दिएर अध्ययन

गरिएको छ भने नपाली साहित्यको इतिहास, नेपाली शोधप्रबन्ध, समालोचनात्मक लेखहरू, विभिन्न नेपाली पत्र- पत्रिका अन्तर्गत लेखक तथा विद्वानहरूले मानिलिएका हास्यकथाकारहरूलाई विशेष ध्यानमा राखेर अध्ययन गर्ने काम भएको छ। प्रस्तावित शोधप्रबन्धमा भारतेली नेपाली साहित्यको विकास  अन्तर्गत दार्जिलिङ, कालेबुङ, सिक्किम, आसाम, बनारस जस्ता स्थानहरूबाट प्रकाशित कथाहरूलाई अध्ययनको क्षेत्र बनाइएको छ। मुख्यत:  पुस्तककार रूपमा छापिएका कथा सङ्ग्रहभित्रका कथाहरूका मात्र अध्ययन हास्यतत्त्व प्रयोगका दृष्टिले गर्ने काम भएको छ। पत्र- पत्रिकामा छापिएका कथाहरूको  सामान्य एवम् प्रासाङ्गिक चर्चा गरिएको छ।

## १.७.सामग्री सङ्कलन विधि

कुनै पनि अनुसन्धानका निम्ति सामग्री सङ्कलनको स्रोत मुख्य रूपमा दुई प्रकारका हुन्छन्- प्राथमिक र द्वितीयक स्रोत। प्रस्तुत शोधकार्यको सामग्री सङ्कलन मुख्य रूपले द्वितीयक स्रोतबाट गरिएको छ। यस क्रममा पुस्तकालय अध्ययन विधिको अनुसरण गरिएको छ। आफ्नो शोध विषयसँग सम्बन्धित पुस्तक, शोधपरक लेख, पत्र- पत्रिका, शोधपत्र, शोधप्रबन्ध आदिबाट आवश्यक एवम् सम्भाव्य सामग्री पुस्तकालयबाट सङ्कलन गरी अवलोकन एवम् अध्ययन गरिएको छ। यसका निम्ति उत्तर बङ्गाल विश्वविद्यालयको ‘केन्द्रीय पुस्तकालय’, उत्तर बङ्गाल विश्वविद्यालयको ‘नेपाली विभागीय पुस्तकालय’, ग्रामीण पुस्तकालय अन्तर्गत ‘गोरूबथान क्षेत्रीय पुस्तकालय’ अनि जिल्ला पुस्तकालय अन्तर्गत ‘दार्जिलिङ डिस्ट्रिक लाइब्रेरी’, ‘नेपाली अध्ययन समिति लाइब्रेरी’कालेबुङ आदिबाट सामग्री सङ्कलन गर्ने काम गरिएको छ भने शोध प्रबन्धलाई पूर्णता दिन साहित्यानुरागीहरूलाई ‘मोबाइल’का माध्यम महत्वपूर्ण तथ्यहरूको जानकारी लिने काम पनि भएको छ।

## १.८.शोधविधि

प्रस्तुत शोधप्रबन्ध निगमनात्मक साथै मिश्र विधि अनुसार गरिएको छ भने यसमा विश्लेषणात्मक शोधविधिको प्रयोग गरिएको छ। **नेपाली लेखनशैली** पुस्तकलाई आधार मानेर प्रस्तुत शोधप्रबन्ध लेखिएको छ। कथा साहित्य स्रोत अन्तर्गत गरिएको शोध हो।

## १.९.शोधप्रबन्धको सङ्गठन

प्रस्तुत शोध प्रबन्धको सङ्गठन निम्न प्रकार गरिएको छ।

**पहिलो अध्याय:** शोधको परिचय।

**दोस्रो अध्याय:** हास्यको सैद्धान्तिक स्वरूप।

**तेस्रो अध्याय:** भारतेली नेपाली कथासाहित्यमा हास्यतत्त्वको प्रयोग: परम्पराको अवलोकन।

**चौथो अध्याय:** हास्यतत्त्व प्रयोगका दृष्टिले भारतेली नेपाली कथाहरूको विश्लेषणात्मक अध्ययन।

**पाँचौ अध्याय:** उपसंहार तथा निष्कर्ष।

सन्दर्भ सूची

परिशिष्ट

## १.१०. भावी शोधकर्तालाई सुझाउ

हास्य तथा व्यङ्ग्यलाई तत्त्वका रूपमा स्वीकार गरेर नेपाली साहित्यका विभिन्न विधाहरू-कथा, कविता, निबन्ध, नाटक आदिको अध्ययन गर्ने ठाउँ प्रशस्त रहेको देखिन्छ। कथा विधामा मात्र केन्द्रित रहेर गरिएको यो एउटा मौलिक शोधकार्य हो। भावी शोधार्थीहरूले निम्न विषयहरूमा अनुसन्धान गर्न सक्नेछन्:

क. हास्य व्यङ्ग्यात्मक भारतीय नेपाली नाटकहरूको अध्ययन।

ख. विविध आयाममा भारतेली नेपाली हास्य स्रष्टाहरू।

ग. भारतेली नेपाली हास्य पत्र-पत्रिकाको सर्वेक्षणात्मक अध्ययन।

घ. हास्यतत्त्व प्रयोगका दृष्टिले भारतीय नेपाली निबन्धहरूको अध्ययन।

## १.११. निष्कर्ष

- पहिलो अध्याय अन्तर्गत 'शोधको परिचय' रहेको छ। शोधप्रबन्धको शीर्षकलाई चिनाउने काम गरिएको छ। यस अन्तर्गत शोधप्रबन्धको शीर्षक **भारतेली नेपाली कथामा हास्यतत्त्वको प्रयोग**लाई चिनाउने काम गरिएको छ।
- शोधप्रबन्ध भित्र ६ वटा समस्याकथनलाई बूँदागत् रूपमा राखिएको छ।
- शोधप्रबन्धको उद्देश्य र प्रयोजनलाई तथ्यात्मक एवम् बूँदागत् रूपमा प्रस्तुत गरिएको छ।
- पूर्वकार्य विवरण एवम् समीक्षात्मक अध्ययन अन्तर्गत भारतेली नेपाली कथाहरूमा हास्य तत्त्वको प्रयोग गरिएका कार्यहरूलाई समीक्षात्मक रूपमा हेर्ने काम भएको छ।

- शोधको औचित्य अन्तर्गत भारतेली नेपाली कथामा हास्य तत्त्वको प्रयोग- अध्ययनलाई राखिएको छ।
- शोधको सीमा र क्षेत्र अन्तर्गत इ सं १९५० देखि इ सं २००२ सम्मका भारतेली सबै नेपाली कथा सङ्ग्रहलाई लिइएको छ। तीमध्ये हास्य कथा लेख्ने कथाकारहरूका कथालाई मात्र प्राथमिकता स्वरूप अध्ययन गरिएको छ।
- सामग्री सङ्कलन विधि अन्तर्गत शोधकार्यको सामग्री सङ्कलन स्रोतलाई राखिएको छ।
- शोधविधि अन्तर्गत शोधप्रबन्ध लेखनको विधि र प्रयोगलाई राखिएको छ।
- शोधप्रबन्धको सङ्गठन अन्तर्गत् पहिलो, दोस्रो, तेस्रो,चौथो र पाँचौ गरी जम्मा पाँच गरी अध्यायमा विभाजन गरी अन्तिम स्वरूप दिइएको छ।